श्री

# काठमाडौं जिल्ला अदालत

## इजलास

## माननीय न्यायाधीश श्री बालकृष्ण वाग्ले

## आदेश

नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो----------------------निवेदक

विरुद्ध

कर्मा छेरिङ्ग शेर्पा ---------------------------------------------------------विपक्षी

**मुद्दा:- ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन).**

यसमा यस अदालतको मिति २०८३।३।१२ को पक्राउ अनुमती बमोजिम मिति २०८३।३।१२ मा पक्राउ परी म्याद थप अनुमती प्रयोजनको लागि मिसिल साथ उपस्थित गराईएका प्रतिवादी कर्मा छिरिङ्ग शेर्पाको हकमा म्याद थप अनुमती हुने नहुने सम्बन्धमा छलफल वहसमा नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री हरि बहादुर पुन मगर र म्याद थपमा उपस्थित गराईएका प्रतिवादी कर्मा छिरिङ्ग शेर्पाको तर्फबाट वहसमा उपस्थित विद्वान वरिष्ठ अधिवक्ता द्वय श्री उपेन्द्र केशरी न्यौपाने र श्री हरीशचन्द्र सुवेदी र विद्वान अधिवक्ता श्री प्रदिप कुमार पोखरेलले गर्नुभएको वहस समेत सुनियो ।

विद्वान जिल्ला न्यायाधिवक्ता तथा प्रतिवादीका तर्फबाट उपस्थित कानून व्यवसायीहरुले गर्नुभएको वहस समेत सुनी म्याद थप अनुमतीका लागि उपस्थित गराईएका प्रतिवादी कर्मा छिरिङ्ग शेर्पालाई अनुसन्धानको लागि हिरासतमै राखि अनुसन्धान गर्नु पर्ने नपर्ने सम्बन्धमा हेर्दा यि प्रतिवादी समेत उपर टुङ्गरम ईन्टरनेशनल एकेडेमी प्रा.लि.को तर्फबाट रामचन्द्र बहाला श्रेष्ठले दिएको निवेदन जाहेरीका आधारमा ठगी आपराधिक विश्वासघात तथा अपराधिक लाभ सम्बन्धमा केन्द्रिय अनुसन्धान ब्यूरोमा मिति २०८१।~~४।८~~ मा जाहेरी परी सो सम्बन्धमा अनुसन्धान भई मिति २०८१।४।९ मा प्र.नि.कमल प्रसाद चौधरीले दिएको प्रतिवेदनका आधारमा उजुरीमा उल्लेखित शेयर बाँडफाँड तथा खरिद बिक्री र जग्गा बिक्रीका लागि भएका सञ्चालक समितिका निर्णयहरुमा टुङ्गरम ल्यालटुङ शेर्पा आफैले हस्ताक्षर गरेको

देखिएको हुँदा ठगी तथा लिखत सम्बन्धी कसूरमा मुद्दा दर्ता गर्न नमिल्ने, विद्यालयको जग्गा बिक्री तथा विद्यालयको हिसाब किताब सम्बन्धमा दुबै पक्ष एकआपसमा बसी हिसाब किताब गर्न सकिने वा हिसाब किताबको लागि देवानी मुद्दा अदालतमा जान सकिने भन्ने उल्लेख भई उक्त कार्यालयका प्र.अ.म.नि.बाट जाहेरवाला र टुङरम ल्यालटुङ शेर्पालाई प्रारम्भिक अनुसन्धानको व्यहोरा जानकारी गराउने गरी मिति २०८१।४।१० मा निर्णय भएको मिसिल संलग्न निर्णयको प्रतिलिपी समेतबाट देखिएको, त्यसै गरी विद्यालयको जग्गा बिक्रीको सम्बन्धमा यिनै जाहेरवालाले काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा दिएको मिति २०८१।९।८ को जाहेरी तथा यि जाहेरवाला उपर प्रतिवादी कर्मा छिरिङ्ग शेर्पाले बिक्री गरेको जग्गाको कम्पनीलाई रकम भुक्तानी नगरी ठगी गरेको भनी दिएको जाहेरीका सम्बन्धमा दुबै जाहेरीलाई एकैसाथ अनुसन्धान गरी प्रहरी निरिक्षक कमल प्रसाद चौधरीबाट मिति २०८१।१०।१५ मा प्रतिवेदन पेश भएको र उक्त प्रतिवेदन व्यहोरामा कम्पनीको जग्गा लगायतको अचल सम्पत्ति खरिद बिक्री शेयर खरिद बिक्री तथा हक हस्तान्तरण भए गरेको कार्य एक आपसको सहमतीमा सञ्चालक समितिको निर्णय बमोजिम भएका खरिद बिक्री तथा देवानी प्रकृतिबाट भएका लेनदेनका विषयमा आपराधिक विश्वासघात ठगी किर्ते मुद्दा चल्न सक्ने नदेखिएको दुबै पक्षको आपसी सहमति र समझदारीमा विवाद समाधान गर्ने वा सम्पत्ति सम्बन्धी देवानी विषयहरुको हक अधिकारको प्रचलनको लागि सम्मानित अदालतमा फिराद दायर गर्न सक्ने अवस्था रहेबाट प्रस्तुत जाहेरीहरुबाट उठान भएका विषयमा प्रारम्भिक अनुसन्धान गर्दा फौजदारी कसूर अन्तर्गत थप अनुसन्धान गर्न आवश्यक नदेखिएको हुँदा थप अनुसन्धान गर्नु नपर्ने भनी दिएको प्रतिवेदन बमोजिम सोही कार्यालयबाट मिति २०८१।१०।१८ मा दुबै जाहेरवाला पक्षलाई प्रारम्भिक अनुसन्धान प्रतिवेदन सम्बन्धमा कानून बमोजिम जानकारी दिने गरी निर्णय भएको देखियो ।

उल्लेखित मितिका निर्णय पश्चात टुङ्गरम ईन्टरनेशनल एकेडेमीको तर्फबाट सम्मानित उच्च अदालत पाटन समक्ष मिति २०८१।९।८ मा दर्ता भएको जाहेरीलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट जवरजस्ती खिची अनुसन्धान रोकेको हुँदा सो सम्बन्धमा केन्द्रिय अनुसन्धान व्यूरोबाट भएको निर्णय/पत्राचार उत्प्रेषणको आदेशले बदर गरी उल्लेखित जाहेरी दरखास्तलाई अपराध अनुसन्धान कार्यालय टेकुमानै पठाई अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरी कारवाही अगाडी बढाउन विपक्षीहरुका नाउँमा परमादेश लगायतको

विषय माग राखि उत्प्रेषण परमादेश मागको रिट उपर सम्मानित उच्च अदालत पाटनबाट मिति २०८३।२।१२ मा फैसला हुँदा निवेदकले दिएको जाहेरी तथा प्रारम्भिक अनुसन्धान प्रतिवेदन उपर यथाशिघ्र निर्णय गर्नू भनी विपक्षी नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरो समेतका नाउँमा परमादेश सम्म जारी भएको मिसिल संलग्न फैसलाको प्रतिलिपी समेतबाट देखिन आएको छ ।

उल्लेखित मितिको परमादेश फैसला पश्चात पुनः यि प्रतिवादी उपर सोही विषयमा मिति २०८३।२।२१ मा जाहेरी दरखास्त परेको मिसिल संलग्न जाहेरी दरखास्तबाट देखिएको र सोही जाहेरीका आधारमा यस अदालतबाट प्रतिवादीलाई पक्राउ गर्ने अनुमती लिई पक्राउ गरी म्यादथप अनुमतीका लागि पेश गरेको अवस्था देखिएपनि यि प्रतिवादी उपर यस अगाडी परेका जाहेरी दरखास्तको व्यहोरा भन्दा हाल दर्ता भएको जाहेरीमा कुनै थप नयाँ तथ्य खुलाई आएको नदेखिएको, जाहेरीका विषयवस्तुमा उठान भएका विषयमा केन्द्रिय अनुसन्धान व्यूरोबाट मिति २०८१।४।१० र मिति २०८१।१०।१८ मा निर्णय भई जाहेरी बमोजिमको विषयमा थप अनुसन्धान गर्न नपर्ने भनी निर्णय भईसकेको देखिएको, उक्त निर्णय बमोजिम प्रतिवादीबाट जाहेरवाला कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा उजुरी गरी उक्त कार्यालयबाट समेत सो सम्बन्धमा छानविन भईरहेको भन्ने मिसिलबाट देखिन आएको, त्यसैगरी यि प्रतिवादी सञ्चालक रहेको कम्पनी जेतवन वेलविईङ्ग रिसोर्ट प्रा.लि.का तर्फबाट टुङ्गरम ल्यालटुल समेतका विरुद्ध यसै अदालतमा ०८१-CP-१०६३७ को लेनदेनको मुदा समेत दायर भई उक्त मुद्दाहरु समेत हाल विचाराधिन रहिरहेको भन्ने प्रतिवादीको तर्फबाट वहसमा पेश भएका कागजातहरुबाट देखिन आएको सन्दर्भमा प्रतिवादी उपर एउटै विषयमा पटक पटक उजुरी जाहेरी परी अनुसन्धान भई अनुसन्धानको रोहबाट जाहेरी अनुरुपको कार्य घटना र परिस्थिति नभएको भन्ने आधारमा थप अनुसन्धान गर्न आवश्यक नभएको भनी निर्णय/निष्कर्ष भईसके पश्चात सोही व्यहोराको सम्बन्धमा 'नयाँ मितिको जाहेरीको आधारमा पुनः प्रतिवादीलाई पक्राउ गरी म्याद थप अनुमतीको लागि उपस्थित गराईएको अवस्था परिस्थितिलाई हेर्दा यि प्रतिवादीलाई प्रस्तुत जाहेरीका रोहमा हिरासतमानै राखि मुद्दाको अनुसन्धाननै गर्नुपर्ने सम्मको अवस्था देखिएन । तथापी पक्राउ प्रतिवादीको बयान लिने कार्य बाँकीनै रहेको भन्ने अवस्था मिसिलबाट देखिन आएकाले प्रतिवादीको बयान लिने कार्य सम्पन्न गर्न सम्मका लागि मिति २०८३।३।१२ देखि लागु हुने गरी ५(पाँच) दिन म्याद थप

गरिदिएको छ । उक्त अवधिमा निजको बयान कार्य सम्पन्न गरी तत् पश्चात थप अनुसन्धान गर्नुपर्ने कार्य बाँकी रहे प्रतिवादीलाई अनुसन्धानमा खोजेका बखत उपस्थित गराउने गरी हाजिरी जमानीमा छोडी थप अनुसन्धान कार्य पुरा गरी नियमानुसार गर्ने गरी प्रस्तुत आदेश जारी गरिदिएको छ । आदेशको जानकारी सहित मिसिल र प्रतिवादीलाई सम्बन्धित प्रहरी कार्यालयमां फिर्ता पठाईदिनू ।

न्यायाधीश

इति संवत् २०८३ साल असार महिना १४ गते रोज १ शुभम्.................................।

CamScanner